नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः२०७५/७६
चलानी नं. : ७५४

मितिः- २०७६/०३/०५

विषयः- **लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तरराष्ट्रिय दिवस २६ जून २०१९ सप्ताहव्यापी कार्यक्रम गरी मनाउने सम्बन्धमा ।**

श्री स्थानीय तह सवै ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ८७४, मिति २०७६/०३/०४ को लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तरराष्ट्रिय दिवस २६ जून २०१९ सप्ताहव्यापी कार्यक्रम गरी मनाउने सम्बन्धी प्राप्त पत्र यसैसाथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोही अनुसार गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

.............................................
जनकराज शर्मा
(शाखा अधिकृत)

**बोधार्थः**
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२
०१-४२११२८
फ्याक्स ०१-४२११२८
ईमेल: drug@moha.gov.n
Website:www.drugportal.gov.r
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ८७४

मिति २०७५।०३।४

विषय : लागू औषध दुरूपयोग तथा अवैध ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस २६ जून २०१९ सप्ताहव्यापी कार्यक्रम गरी मनाउने सम्बन्धमा ।

**श्री संघीय मामिला तथा सामान्य प्रशासन प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाण्डौं ।**

प्रस्तुत विषयमा **"समृद्ध राष्ट्र निर्माणका लागि लागू औषध रहित स्वस्थ जीवन"** भन्ने नाराका साथ लागू औषध दुरूपयोग तथा अवैध ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवश २६ जून, २०१९ विभिन्न कार्यक्रमहरू सहित सप्ताहव्यापी रूपमा मनाउने सम्बन्धमा मूल आयोजक समितिबाट तयार पारिएको कार्ययोजना तहाँ मन्त्रालयमार्फत् सबै स्थानीय तहहरुमा पठाइ सकिएको छ । सो कार्ययोजना बमोजिम सबै स्थानीय तहहरुमा सप्ताहव्यापी रुपमा जनचेतनामूलक र्‍याली, लागू औषध दुर्व्यशनबाट पर्ने असर झल्कने सडक नाटक प्रदर्शन तथा सांगितिक कार्यक्रम, लागू औषध अपराध नियन्त्रण सम्बन्धमा स्थानीय सञ्चार माध्यामसंगको साझेदारीमा सचेतनामूलक कार्यक्रम सञ्चालन, सरोकारवाला निकाय संघ संस्थाको सहयोग तथा समन्वयमा बृहत सचेतनामूलक कार्यक्रम (campaign), लागू पदार्थको सेवनबाट हुने व्यक्तिगत समस्या, सामाजिक र आर्थिक रुपमा हुने क्षति, दुर्व्यशनको लक्षण, प्रभाव र जोगिने उपायहरु सम्बन्धमा विद्यालयमा कार्यक्रम, लागू औषध नियन्त्रणका लागि स्वस्फूर्त रूपमा युवा सहभागिता तथा परिचालन हुने वातावरण सिर्जना, लागू औषध नियन्त्रण सम्बन्धी श्रव्यदृश्य, पर्चा, पम्प्लेट लगायतका प्रभावकारी प्रचार सामग्री निर्माण गरी प्रचार प्रसार, विद्यालयस्तरमा प्रवचन निवन्ध लेखन छलफल अन्तरक्रिया लगायतका अन्य उपयुक्त कार्यक्रम, स्थानीय सिनेमा हलहरूमा लागू औषध विरूद्धका सन्देश प्रशारण, मोवाईल मार्फत लागू औषध विरूद्धका सन्देश (SMS) पठाउने, गाँजा फडानी अभियान सञ्चालन, वसपार्क तथा बजारको महत्वपूर्ण चोकमा विद्युतीय माध्यमबाट सूचना Display, विद्यालयमा ९ देखी १२ कक्षासम्म विद्यालय केन्द्रित अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यक्रम गरी मनाउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।०३।०४ को निर्णानुसार अनुरोध छ ।

२०७६।३।४

(झंकनाथ ढकाल)
उपसचिव

<u>बोधार्थ:</u>
श्री जिल्ला प्रशासन कार्यालय सबै: यस बमोजिम आवश्यक समन्वय हुन ।